म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७० मंगलबार १७ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 31 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

शहिद दिवसमा ३० जनाले गरे रक्तदान

हेटौंडा, १६ माघ/शहिद दिवसको अवसरमा सोमबार हेटौंडामा भएको रक्तदान कार्यक्रममा ३० जनाले रक्तदान गरेका छन् । अनेरास्ववियु जिल्ला कमिटी मकवानपुरको आयोजना तथा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको रक्तदानमा ३० जनाले रक्तदान गरेका हुन् । कार्यक्रममा २७ जना पुरुष र ३ जना महिला गरी ३० जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडा शाखाका प्राविधिक विष्णु रिमालले जानकारी दिए । रक्तदान कार्यक्रम अनेरास्ववियु जिल्ला कमिटी मकवानपुरका अध्यक्ष भुवन मैनालीको सभाध्यक्षता तथा बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणी पौडेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बागमती प्रदेशका श्रम तथा रोजगार मन्त्री एकलाल श्रेष्ठ, प्रदेश युवा परिषदका उपाध्यक्ष सन्तोष चौलागाई लगायतको उपस्थिति रहेको थियो ।

बागमतीको राजश्व संकलन २९ प्रतिशतले घट्यो

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ बागमती प्रदेश सरकारको राजश्व संकलन २९ प्रतिशतले घटेको छ ।

चालू आर्थिक वर्ष २०७९/८० को ६ महिनामा सरकारको राजश्व संकलन २९ प्रतिशतले घटेको हो । गत आवको यसि अवधिको तुलनामा चालू आवमा सरकारको राजश्व संकलन २९ प्रतिशतले घटेको प्रदेश लेखा नियन्त्रक कार्यालय जनाएको छ ।

कार्यालयको अनुसार सरकारले ६ महिनाको अवधिमा १६ अर्ब १५ करोड रुपैयाँ राजश्व संकलन गरेको छ । गत आवमा ६ महिनाको अवधिमा सरकारले राजश्व संकलन २३ अर्ब रुपैयाँ गरेको थियो । तर, चालू आवको ६ महिनामा सरकारको राजश्व संकलन भने ७ अर्बले घटेको छ । राजश्व संकलन घटेको भएपनि सरकारको खर्च भने गत आवको तुलनामा बढेको छ । सरकारको आम्दानीमा गिरावट आउँदा खर्च भने बढेको कार्यालयको तथ्यांकले देखाउँछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको जानकारी अनुसार पुस मसान्तसम्म सरकारको बजेट खर्च १५ दशमलव ७८ प्रतिशत रहेको छ । चालू आवमा ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले ६ महिनाको अवधिमा ११ अर्ब १९ करोड ६७ लाख ८० हजार ४ सय २२ रुपैयाँ खर्च गरेको छ । यहि ६ महिनाको अवधिमा सरकारले १६ अर्ब १५ करोड रुपैयाँ राजश्व संकलन गरेको छ ।

चालू आवको ६ महिनामा यो राजश्व संकलन सरकारको खर्चभन्दा बढी देखिए पनि गत आवको तुलनामा भने कम हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख हरिप्रसाद उपाध्यायको अनुसार सरकारको खर्च गत आवको तुलनामा बढेको छ भने आम्दानी अर्थात राजश्व संकलन घटेको छ । गत आवमा ६ महिनाको अवधिमा सरकारले ८ अर्ब रुपैयाँ मात्रै खर्च गरेको थियो भने सरकारको राजश्व संकलन २३ अर्ब रुपैयाँ थियो । तर, चालू आवको ६ महिनामा सरकारको खर्च ३ अर्बले बढ्दा राजश्व संकलन भने ७ अर्बले घटेको छ ।

'गत आर्थिक वर्षको यहि अवधिलाई हेर्दा बागमती प्रदेश सरकारको खर्च बढेको छ भने राजश्व संकलन २९ प्रतिशतसम्मले घटेको छ',प्रमुख लेखा नियन्त्रक उपाध्यायले भने । एएको वर्ष र यो वर्षको हालसम्मको अवधिमा भएको आम्दानीसँग तुलना गर्दा प्रदेश सरकारको खर्च बढि देखिएको भएपनि सरकारको बजेट खर्च भने न्यून नै रहेको छ । बजेट खर्चमा सधै कमजोर नै रहेको बागमती सरकार राजश्व संकलनमा पनि कमजोर देखिएको हो । प्रमुख लेखा नियन्त्रक उपाध्यायले निर्वाचनले गर्दा सरकारको बजेट खर्च घटेको बताए । उनले निर्वाचनसँगै नयाँ सरकार गठन हुने प्रक्रियाले गर्दा सरकारको बजेट खर्च न्यून रहेको जिकिर गरे ।

संघीय सरकारबाट प्राप्त हुने मुल्य अभिवृद्धि कर घट्दा प्रदेश सरकारको आम्दानी पनि घटेको उनको भनाई छ । घरजग्गा रजिष्ट्रेसको शुल्क ७ अर्ब अनुमानित रहेकोमा सो शुल्क संकलन घटेकोले पनि प्रदेश सरकारको आम्दानी घटेको उपाध्यायले बताए । 'चुनावको कारण सरकारको चालू आवको बजेट खर्च हुन सकेको छैन । त, पनि गत आवको तुलनामा भने सरकारको खर्च बढेको छ भने आम्दानी घटेको छ । संघबाट हुने राजश्व बाठफाड घट्दा प्रदेश सरकारको आम्दानी पनि घट्न गएको हो', उनले भने ।

उपाध्यायको अनुसार प्रदेश सरकारको मुख्य आयस्रोत भनेको घरजग्गा रजिष्ट्रेसन, सवारी साधन कर, मुल्य अभिवृद्धि कर, लोकसेवाको परीक्षा शुल्क, कृषि फार्मको उत्पादन, प्रशासनिक दण्ड जरिवाना र बेरुजु असुल लगायत रहेका छन् । सरकारको आम्दानीको यी स्रोतहरुमा नै असर परेपछि सरकारको आम्दानी पनि स्वत: घट्ने उनको भनाई रहेको छ ।

सरकारको खर्च बढ्दै गइरहेको विषयमा आफूहरुले अध्ययन समेत गरिरहेको उनले बताए । उनको अनुसार प्रदेश सरकारको पहिलो आर्थिक वर्ष ०७४/७५ मा २६ करोड रुपैयाँ मात्रै सामान्य रुपमा खर्च भएको थियो । त्यसपछि भने सरकारको खर्चको उकालो ग्राफ बढ्न थालेको छ । अनुमानित राजश्व संकलन गरेर आम्दानी बढाउन नसकिरहेको प्रदेश सरकारको खर्च कटौती गर्न अध्ययन गरिरहेको उनले बताए । 'झलक हेर्दा सरकारको बजेट खर्च कमजोर देखिन्छ । तर, वर्षौं सरकारको खर्च भने बढ्दै गइरहेको छ । त्यसैले सरकारको खर्च कहाँबाट र कसरी बढिरहेको छ भनेर हामिले अध्ययन गरिरहेका छौं',उनले भने ।

वार्षिक रुपमा तुलना गर्दा सरकारको खर्च बढिरहेको देखिए पनि बजेट खर्चमा भने बागमती सरकार यो वर्ष अझै कमजोर बनेको छ । आर्थिक वर्षको ६ महिना बितिसक्दा प्रदेश सरकारले कूल बजेटको १५ प्रतिशत मात्रै खर्च गर्न सकेको छ ।

७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले ६ महिनाको अवधिमा ११ अर्ब १९ करोड ६७ लाख ८० हजार ४ सय २२ रुपैयाँ खर्च गरेको छ । जुन १५ दशमलव ७८ प्रतिशत हो । २७ अर्ब ९ करोड ३ लाख ५२ हजार ६६ रुपैयाँ चालू खर्च रहेकोमा ६ महिनामा सरकारले ६ अर्ब २१ करोड ८६ लाख १८ हजार ५ सय ६३ रुपैयाँ खर्च गरेको छ । ४१ अर्ब ८४ करोड ८९ लाख ३८ हजार ९ सय ३४ पूँजीगत बजेट रहेकोमा हालसम्म सरकारको खर्च ४ अर्ब ३७ करोड ८१ लाख ६१ हजार ८ सय ५९ रुपैयाँ रहेको छ ।

३ दिने नि:शुल्क आँखा शिविर सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ एसले सोमबारबाट ३ दिने नि:शुल्क आँखा शिविर सुरु गरेको छ ।

सोमबार पहिलो दिन बारा जिल्लाको महेशपुर र सर्लाहीको हरिवन नगरपालिकामा आँखा शिविर भएको हो । कार्यक्रम संयोजक अमित शर्माले बाराको महेशपुरमा ३ सय ९१ जनाको आँखा परीक्षण गरिएकोमा ९२ जनामा मोतिविन्दु भेटिएको जानकारी दिए । सर्लाहीको हरिवन नगरपालिकामा भएको शिविरमा ३ सय ३६ जनाको आँखा परीक्षण गरिएकोमा ३६ जनामा मोतिविन्दु देखिएको उनको भनाई छ । मोतिविन्दु देखिएकाहरुलाई बुधबार हेटौंडा आँखा अस्पतालमा ल्याइने र बिहीबार शल्यक्रिया गरिने उनको भनाई छ । नेत्र स्वास्थ्य विशेषज्ञ डा. सन्दक रुदत नेतृत्वको टोलीले आँखाको परीक्षण गरिरहेका छन् । मंगलबार मकवानपुर को बागमती गाउँपालिकाको फापरबारी, बारा जिल्लाको भादाह र बाराकै इनवसीरामा शिविर हुनेछ । बुधबार मकवानपुरको रक्सिराङ गाउँपालिका, हेटौंडाको बसामाडी गुम्बामा र पर्सा जिल्लाको वीरगंजमा आँखा शिविर हुने जनाइएको छ ।

3rd Edition
www.navodaya.edu.np

HETAUDA BAL KALA SAHITYA MAHOTSAV 2079

कला साहित्यको गुञ्जन

Navodaya Shishu Sadan

२७-२८ माघ, २०७९ | 10–11 Feb., 2023
9am – 4pm | Hetauda - 4, Kamaldada

आकर्षक व्यक्तित्वहरू
मदनकृष्ण श्रेष्ठ (नृर्धन्य कलाकार तथा लेखक)
हरिवंश आचार्य (नृर्धन्य कलाकार तथा लेखक)
शान्तदास मानन्धर बाल साहित्यकार
अनुराधा बाल साहित्यकार
रुमाना हसन (पाकिस्तानी लेखक)
प्रकाश रञ्जित (भारतीय लेखक)

हाम्रा आकर्षणहरू
शिक्षक, विद्यार्थी तथा अभिभावक कार्यशाला
पुस्तक प्रदर्शनी
चित्र प्रदर्शनी
प्यानल डिस्कसन
आत्मकथा प्रस्तुति
खाना स्टल
फेस पेन्टिङ
जादु प्रस्तुती
लेखक हस्ताक्षर
मौलिक कलाको पहिचान तथा प्रदर्शनी
मौलिक बाजा प्रस्तुति (गन्धर्व)

थप जानकारीका लागि सम्पर्क
०५७-५२४९५९,
९८४५२३५१४९

प्रवेश निःशुल्क

Organisors
Kathmandu Publication Pvt Ltd

Collaborative Partners
Karkhana

सुधार केन्द्रमा रहेका युवालाई विद्युत जडानसम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ लागूऔषधको दुर्व्यसनमा परी सुधार केन्द्रमा रहेका युवाहरुलाई विद्युत जडान सम्बन्धी तालिम दिन सुरु गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको सहयोगमा व्यवसायीक तथा सिप विकास तालिम केन्द्र र मकवानपुर रिकभरिङ समुहले लागू औषधको कुलतमा परेर सुधार गृहमा आएकाहरुलाई सुधार पछि घर फर्कने क्रममा आर्थिक उपार्जनका लागि सहज होस भन्नका लागि तालिम सञ्चालन गरीएको हो । तालिमको हेटौंडा उपमहा नगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी थिइन् ।

तालिमको उद्घाटन गर्दै नगर प्रमुख लामाले जीवन आफ्नै लागि जिउने भन्दै अरुको लागि सोचेर मानसिक तनाव नलिन सुझाव दिइन् । आफुले सिकेको सिप आफ्नै लागि भए जस्तै आफुले पाएको जिवन पनि आफ्नै लागि भएको उनले बताइन् । विभिन्न खालका मानसिक तनाव बोकेर नभई खुल्ला र खुशीका साथ हिड्नु पर्नेमा उनले जोड दिइन् ।

चिन्ता लिएर हिडेपनि सुख: दुख: आफ्नो/आफ्नो भएको भन्दै तालिममा सिकेका सिपलाई व्यवहारमा उतार्दै अघि बढ्न आग्रह गरिन् । नगर प्रमुख लामाले विद्युत जडान तालिममा लगेकालाई रोजगारीको व्यवस्था मिलाउनका लागि उपमहा नगरपालिका तयार रहेको बताइन् ।

लागू औषधबाट बिग्रदै गरेको जिवनलाई सुधार केन्द्रका रिकभरीड समुहका अध्यक्ष सुरज विक्रम राणाको सभाध्यक्षतामा भएको तिन महिने तालिम उद्घाटन कार्यक्रममा हेटौंडा १३ का अध्यक्ष पेम्बा लामा, १४ का अध्यक्ष दिपक खड्का, हेटौंडा ५ का वडा सदस्य रञ्जीता सिलवाल, हेटौंडा उपमहानगरपालिकाका समाजिक विकास महाशाखा प्रमुख भिमप्रसाद तिमल्सिना, गैरसरकारी सस्था महासंघ मकवानपुरका उपाध्यक्ष रमिला सापकोटा, मानव अधिकार संगठनकी सर्मिला श्रेष्ठको आतिथ्यता रहेको थियो । सुधार केन्द्रमा रहेका ३६ जना मध्य २० जना सहभागि तिन महिने विद्युत जडान तालिममा सहभागिलाई व्यवसायीक तथा सिप विकास तालिम केन्द्रका महेश आचार्यले प्रशिक्षण दिने आयोजकले जनाएको छ ।

साझाकुरा

हाम्रो कुरा

शहीदको सम्मानमा कमि

राणा शासनको विरोधमा उत्रिँदा फाँसी पाएका चार शहीदलाई विशेष सम्झना गरी शहीद दिवस मनाउने गरिन्छ । आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्ति एवम् लोकहित निम्ति निस्वार्थ बलिदान भएका अमर सयौ व्यक्तिलाई सरकारले शहीद घोषणा गरेको छ । उनै शहीदलाई सम्झिएर हरेक वर्ष माघ १६ गतेका दिन शहीद दिवस मनाउने गरिन्छ । आफ्नो जीवनलाई सफलताका साथ जोगाउने प्रशस्त अवसर हुँदाहुँदै पनि स-सम्मान निडर तथा निर्भीकताका साथ मृत्यु रोज्ने नै शहीद हुन् । शहीदहरूको सम्झना गर्दै उनीहरूप्रति श्रद्धाञ्जली, सम्मान गर्दै उनीहरूले देखाएको पथमा हिँड्न प्रतिबद्धता, प्रतिज्ञा, अठोट गर्ने साथै अन्तरआत्माबाट शपथ खाने दिन शहीद दिवस हो । हाम्रो मुलुकमा २००७ सालको क्रान्तिपछि शहीद दिवस मनाउन थालिएको हो । जहानियाँ राणाशासनविरुद्ध क्रान्तिको शंखघोष गर्दै हाँसीहाँसी फाँसीमा चढ्न र गोली खान पछि नहटेका महान् शहीदहरू शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथ चन्दलाई मुख्य शहीद मानिएको छ ।

शहीद दिवसलाई यसअघि हरेक वर्ष सप्ताहव्यापीरुपमा मनाउने गरिएकोमा यसवर्ष भने अलि बेवास्ता गरेर मनाइएको भान भएको छ । राष्ट्रव्यापीरुपमा शहीदको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्ने, प्रतियोगिताहरु आयोजना गर्ने, शहीदको नाममा स्थापित पुरस्कारहरु वितरण गर्नेलगायत विविध कार्यक्रम गरी शहीद सप्ताह मनाउने गरिन्थ्यो । अनि, माघ १६ गतेका दिन सार्वजनिक बिदा दिने चलन थियो । तर, यसवर्ष त्यसो भएको पाइएन । माघ १६ गते शहीद दिवस मनाउने परम्परालाई सबैखाले व्यवस्थामा निरन्तरता दिइएको छ । शहीद दिवसलाई राष्ट्रिय महत्वको बनाउन उक्त दिन विदा दिने परम्परालाई केपी ओली सरकारले तोडे पनि अघिल्लो वर्ष बागमती प्रदेश सरकारले भने सार्वजनिक बिदा घोषणा गरेको थियो । यसवर्ष बागमती प्रदेश सरकारले पनि शहीद दिवसमा बिदा घोषणा गरेन । न त विशेष कार्यक्रमहरु नै आयोजना गऱ्यो । त्यसैले शहीदप्रतिको सम्मानमा कमि महसुस गरिएको छ । राष्ट्रको रक्षा, राष्ट्रियताको संरक्षण र जनअधिकारका निम्ति नागरिक चेतना फैलाउने र निरंकुश सत्ताविरुद्ध विद्रोहको बिगुल फुक्दै संगठनात्मक अभियान छेड्ने क्रममा निरंकुश सत्ताको कठोर यातना भोग्दै आत्मसमर्पण नगरी जीवन आहूति दिएका महान् व्यक्तित्वहरू नै सही अर्थमा शहीद हुन् । १०४ वर्षे जहानीया राणा शासनले नेपालमा जनअधिकार विहीन सत्ता चलाएको इतिहासमा अंकित तथ्य हो । जनअधिकारविहीन निरंकुश जहानीया शासनविरुद्ध आन्दोलन चर्काउने क्रममा धेरै सपूत शहीद बने । २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव तिनै सपुतहरूको जीवन बलिदानको परिणाम हो । जीवनको आहुति दिएर नागरिक अधिकारको बहाली गराउने महान शहीदहरू नेपाली जनताका निम्ति अविरल प्रेरणाका स्रोत हुन् । तर, नागरिक अधिकार प्राप्ति र निरंकुशताविरुद्ध जीवन उत्सर्ग गर्ने शहीदहरूको सपनामाथि निरन्तर खेलबाड मात्रै भइरहेको छ ।

शहीद दिवसमा सामान्य प्रभातफेरी गरेर शहीदको शालिकमा माल्यार्पण गर्ने र शहीदका योगदानको सकारात्मक चर्चा गर्नेबाहेक शहीदका सपना पूरा गर्नेतर्फ सरकार र राजनीतिक दलहरु अग्रसर भएको पाइँदैन । शहीद दिवसलाई परम्परागतरुपमा औपचारिक कार्यक्रम गरेर मनाएको जस्तो मात्र गरिँदै आउनुले शहीदको सम्मान हुँदैन । शहीदहरूलाई मार्गदर्शक मानेर त्याग र समर्पणको राजनीतिक संस्कार बसाउन नसक्दासम्म शहीदको त्याग र बलिदान निरर्थक हुनेछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९		

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १८ गते बुधबार १ फेब्रुअरी २०२३ । एकादशी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४३ । मुक्तक दिवस ।

आजको राशिफल

मेष	: रमाइलोको समय रहेको छ	**तुला**	: भेटघाटमा समय बित्नेछ
वृष	: शरीरमा समस्या देखिन सक्नेछ	**वृश्चिक**	: सम्पत्तिको खचपच हुनेछ
मिथुन	: सामाजिक प्रतिष्ठा बढ्नेछ	**धनु**	: सुखभोगको समय रहेकोछ
कर्कट	: सानातिना अवरोध आइरहनेछ	**मकर**	: आर्थिक लाभ मिल्नेछ
सिंह	: मित्रसंग विवाद हुनसक्नेछ	**कुम्भ**	: विवाद हुन सक्ने
कन्या	: धन खर्च हुनेछ	**मीन**	: मनलाई नियन्त्रण गर्नुपर्नेछ

महेन्द्रसँग माफी मागेनन्, बरु ज्यानै दिए

✍ अजयकुमार झा

शहीदको नामले त्यस्ता व्यक्तित्व चिनिन्छन्, जसले सहादत दिएका हुन्छन् । सहादत भनेको आत्म बलिदान हो । वीरगति प्राप्त गर्नु हो । जन्म र मृत्यु, एकै सिक्का (जीवन) का दुई पाटा हुन् ।जन्म जीवनको आरम्भ हो भने मृत्यु जीवनको अन्त्य । जन्म र मृत्युबीचको अवधि नै जीवन हो । मृत्यु प्राप्त गरेका प्राणीको पुनर्जन्म हुन्छ कि हुँदैन भन्ने विषयमा बहस हुनसक्छ तर जन्म लिएका प्राणीको मृत्यु अवश्यम्भावी छ । मृत्यु रोकेर रोकिँदैन ।

कसैको पनि मृत्युको तिथि निश्चित हुँदैन । समयको दृष्टिले मृत्युलाई 'कालगति' र 'अकाल मृत्यु' गरी दुई अर्थमा हेरिन्छ । सामान्य रूपमा उमेर बिताएर मृत्यु प्राप्त गरेमा कालगति प्राप्त गरेको बुझिने गरेको हुन्छ भने असमयको मृत्युलाई अकाल मृत्यु भनिन्छ । अकाल मृत्युको अनेक कारण हुनसक्छ- रोग, भोक, दुर्घटना, हत्या, आत्महत्या आदि । बलिदान वा आत्मत्सर्ग त्यस्तो मृत्यु हो, जो हत्याको कारणले हुने भए पनि सहादत प्राप्त गरेको भनिन्छ र समाजले सहादतको सदैव नमन गर्दछ ।

साधारण अर्थमा भन्दा धार्मिक आस्था, राजनीतिक अधिकार, क्षेत्रीय, जातीय अस्तित्व वा सामाजिक अस्मिताको रक्षा निम्ति आहुत आन्दोलन, क्रान्ति वा युद्धहरूमा संघर्ष गर्दागर्दै आफ्नो जीवनको आहुति दिन पुग्छ । सैन्य क्षेत्रमा दुश्मन वा दुश्मन सेनाद्वारा जवानको मृत्युलाई वीरगतिको संज्ञा दिए झैं संघर्षको मैदानमा वीरतापूर्वक शत्रु राष्ट्र वा आफ्नै राष्ट्रका सेना, प्रहरीका साथ संघर्ष गर्दै शहीद हुने वीरद्वारा प्राप्त गरिने सर्वोत्तम गति नै सहादत हो ।नेपालमा हरेक वर्ष माघ महिनाको दोस्रो-तेस्रो सप्ताहको सात दिन (१०-१६) शहीद सप्ताहको रूपमा मनाइन्छ । कुनै पनि राष्ट्रमा त्यस राष्ट्रले राष्ट्रिय जीवनको ५२ सप्ताहमध्ये एक सिंगै एक सप्ताह शहीदको नाममा समर्पित गर्दछ भने त्यस राष्ट्रको आत्मामा शहीदहरूको कस्तो स्थान छ, त्यो कुरा सहजै बुझ्न सकिन्छ । तर यस राष्ट्रको त्यो एक पाटो मात्र हो, अर्को पाटो भने त्यस्तो छैन । आदर्श र आचरणको बीचमा अन्तर छ । शहीदप्रति यहाँ राजनीतिक एवं पूर्वाग्रही दृष्टि पनि राखिन्छ ।

लखन थापा मगर नेपालका पहिलो शहीद हुन् । उनलाई ११ फागुन २०५६ मा नेपाल सरकारले नेपालको प्रथम शहीदको सम्मान प्रदान गरेको थियो । राणाशासन विरुद्ध विद्रोह गरेका उनलाई १९३३ सालमा गोरखाको मनकामना मन्दिर परिसरमा रूखमा झुण्ड्याएर मृत्युदण्ड दिइएको थियो । हुनत नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मुलुकको प्रथम शहीद बाँकावीर हुन् भनेका थिए । उनीपछि मात्र लखन थापा र योगमायाहरूले विद्रोह गरेको उनको भनाइ थियो ।

शहीद सप्ताहको अन्तिम दिन माघ १६ लाई शहीद दिवस भनिन्छ । नेपालमा शहीद दिवस भन्नाले राणा शासन विरुद्ध लडेका शहीदहरूको सम्झना गर्ने बुझिन्छ । यस दिन धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीसहित अन्य अज्ञात शहीदहरूको पनि सम्झना गरिन्छ । कालान्तरमा देशवासीले गरेका आन्दोलनहरूमा सहादत प्राप्त गर्नेहरूको संख्या हजारौंमा पुग्यो । शहीद दिवस उनीहरूको पनि स्मरण गर्ने दिन हो भनेर बोध हुनुपर्नेमा केही कसर बाँकी नै छ ।

मधेश आन्दोलन २०६३ का शहीदको संस्मरणमा माघ ५ गते मधेशले बलिदान दिवस मनाउँदै आएको छ । मधेश सरकारको गठनपश्चात् माघ ५ को दिन सार्वजनिक अवकाश रहने गरेको छ ।यस वर्ष, माघ ५ का दिन प्रतिनिधिसभामा जनमत पार्टीका अध्यक्ष सांसद डा. सिके राउतले मधेश आन्दोलनका शहीदको सम्मानमा एक मिनेट मौन धारण गर्न आग्रह गर्दा सभाले ऐक्यबद्धता प्रदर्शन गर्न सकेको देखिएन । ऐक्यबद्धताको त्यस अभावलाई शहीदप्रतिको विभेद नै बुझिन्छ ।

वर्तमान संविधानले आफ्नो प्रस्तावनाको पहिलो अनुच्छेद समस्त शहीदहरूप्रति अर्पित गरेको छ । राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीद तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मानपश्चात् संविधानका ध्येय र व्यवस्थाहरू उल्लेख भइरहेको अवस्थामा संसदका सदस्यहरूले मनन गर्न नसक्नु सच्चिनुपर्ने विषय हो ।शहीदप्रति हामी भावपूर्ण रूपमा श्रद्धासुमन अर्पित गर्ने गर्दछौं । श्रद्धाञ्जली जीवनको भावनात्मक पक्ष हो । फूलको माला लिएर वा नलिएर, शब्द र अक्षरमा भए पनि वा नभए पनि हुन्छ तर श्रद्धा फदयमा, भावमा, मनमा भएन भने हुँदैन । आदर्शका कुराहरू आचरणमा देखिएन भने हुँदैन । सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने संविधानको प्रस्तावनाको साकार रूप देखिनुको एक उदाहरण शहीद पनि हुनुपर्छ ।

बडापत्र, संविधान, कानुन, राज्य, समाज, लिंग, मानवता आदि सबैका आधारमा विभेद र सकारात्मक विभेदका सूचीहरू सर्वस्वीकृत छन् । हट्नुपर्ने विभेदका कुराहरू शहीदप्रतिको विभेद पनि हो । सबै देशवासी सम्पूर्ण शहीदहरूप्रति श्रद्धावान नभएसम्म शहीदहरूप्रतिको विभेद कायमै रहन्छ । परिवर्तनका लागि पटक-पटक भएका आन्दोलनका समस्त शहीदहरूको सम्मानमा सबै नेपाली एकै पंक्तिमा उभिएको नदेखिएको अवस्था अहिले मात्रको होइन, पहिल्यैको हो ।

शहीद हुनुको परिभाषा र तर्कमा उल्झिनु पुरानो कुरा हो । वर्तमान समय परिवर्तनको हो । संवैधानिक प्रस्तावनामा उल्लिखित राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भन्नेमा उल्लेखित परिवर्तन भन्ने शब्दको अनुभूति कसरी प्राप्त गर्ने र आन्दोलन, सशस्त्र संघर्षको अर्थ कसरी गर्ने अनि त्याग र बलिदानलाई कसरी महसुस गर्ने भन्ने जस्ता कुरा अझै पनि देशवासीमा कायम हुनसकेको छैन । खासगरी मधेशी शहीद, चाहे जुनसुकै राजनीतिक विचारका हुन्, सबैप्रति विभेद भएको छ ।

मधेशका मसिहा भनिएका रघुनाथ ठाकुरको मृत्युमाथि रहस्यको परत मधेश आन्दोलनको छानबिन गर्न गठित लाल आयोगको प्रतिवेदनमाथिको उघ्रिन नसकेको परत जस्तै छ ।

शाकेत चन्द्र मिश्र बेपत्ता हो कि शहीद अझै जनताले बुझ्न सकेका छैनन् । मधेश सरोकारका भूमिगत, खुला, सशस्त्र वा अहिंसक, साम्प्रदायिक, संघर्षका अतिरिक्त राणा वा राजाको शासनको खिलाफ आन्दोलन गर्ने दुर्गानन्द झा, दिलीप चौधरी, शाकेतचन्द्र मिश्र जस्ता कांग्रेस, जनवादी विचार बोकेका मधेशी शहीद पनि उपेक्षित रहेका छन् ।शहीद दुर्गानन्द झा मधेश प्रदेशको राजधानी जनकपुरधामका हुन् । राजा महेन्द्रको कदम (२०१७) को विरोधस्वरूप राजामाथि नै बम प्रहार गरेको कसूरमा उनलाई शहीद दिवसको अघिल्लो दिन अर्थात् माघ १५ गते (वि.सं. २०२०) काठमाडौंको केन्द्रीय कारागारमा पञ्चायत सरकारले मध्यराति मृत्युदण्ड दिएको थियो । ९ माघ २०१८ मा जनकपुर भ्रमणमा रहेका बेला राजा महेन्द्रउपर उनले बम प्रहार गरेका थिए । एक विशेष अदालतले उनको कसूरको ट्रायल गरेको थियो ।दुर्गानन्द झा ब्राह्मण हुँदा पनि मृत्युदण्ड दिइएको थियो । त्यसअघि ब्राह्मण बाहेकका जातिलाई मात्र फाँसी दिने र ब्राह्मणलाई सर्वस्वसम्म गर्ने भन्ने कानुन थियो । कानुनमा तत्कालै संशोधन गरेर फाँसी सुनाइएको थियो । बम प्रहारको आरोप ५९ जनामाथि थियो । आरोपीहरू बम प्रहारलगत्तै भारत छिरेका थिए । भारतको जयनगरबाट नेपाल फर्कंदै उनले गिरफ्तारी दिएका थिए । केन्द्रीय कारागारमा थुनेर राखिएका झाका साथ अरविन्द ठाकुर पनि सोही मुद्दामा थिए । ठाकुरले सफाइ पाए ।

राजाको जनकपुरधामको भ्रमणका क्रममा कडा सुरक्षाका बीच बम प्रहार गरिएको थियो । बम प्रहार गरेको समय झा १९ वर्षका थिए । भनिन्छ, राजा महेन्द्रले झालाई आफूले गरेको अपराधका लागि माफी मागे ज्यान बकस दिने बताएका थिए । तर झाले माफी माग्न मानेनन् ।उनले राजाको २०१७ साल पुस १ को 'कु' खिलाफ संघर्षमा ज्यान गुमाएका शहीदहरूको हत्याको दोष राजाले लिनुपर्ने र त्यसको लागि राजाले नै माफी माग्नुपर्ने बताएका थिए ।

वर्तमान संविधानको निर्माणपश्चात् निर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीको क्याबिनेटले २०७२ फागुन१९ गते दुर्गानन्द झालाई शहीद घोषणा गऱ्यो । त्यसको केहीपश्चात् संविधान दिवसको अवसरमा नेपाल सरकारले शहीद दुर्गानन्द झालाई महाउज्ज्वल राष्ट्रदीपको मान प्रदान गऱ्यो । झाका साथ मान पाउनेमा तुलसीलाल अमात्य, मङ्गलादेवी सिंह, मोहनचन्द्र अधिकारी र स्वर सम्राट स्वर्गीय नारायण गोपाल गुरुवाचार्यहरू हुनुमा झाको मान अझै धेरै बढेको प्रतीत हुन्छ । आठ वर्षअघि नेपाल सरकारले शहीद दुर्गानन्द झाको संस्मरणमा रु.१० को हुलाक टिकट जारी गऱ्यो ।

शहीद झाको जन्म वि.सं. १९९९ वैशाख १४ गते जनकपुरको जटहीमा भएको थियो, जो नगराइन नगरपालिकाअन्तर्गत पर्दछ । उनी देवनारायण झा र सुकुमारीदेवी झाको एक्लो सन्तान थिए । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिका पिता महेन्द्र नारायण निधि आफ्नो समयमा नेपाली कांग्रेसका महामन्त्री भएका थिए । यस क्षेत्रमा कांग्रेसको ठूलो प्रभाव थियो । शहीद झा पनि नेपाली कांग्रेसका सदस्य थिए । उनले जति ठूलो काण्ड मच्चाएर सहादत प्राप्त गरे, त्यसको सदुपयोग पार्टीले त्यतिबेला गरेको भए गणतन्त्र प्राप्ति यत्तिको विलम्बकारी हुने थिएन । सन् १९९३ मा राजा महेन्द्रको सालिक हटाई दुर्गानन्द झाको सालिक राख्न माग गरिएको थियो तर सरकारले अस्वीकार गरेको थियो । लोकतान्त्रिक शासन व्यवस्थाले झाको बलिदानको उचित कदर नभएकोमा जनभावनामा चोट पुगेको छ । समस्त शहीद समान सम्मानका पात्र हुन्, उनीहरूको मूल्यांकन घटी-बढी भन्ने हुँदैन । तर हरेक शहीदको आ-आफ्नै भूमिका छ, उनीहरूको भूमिकालाई नजर अन्दाज पनि गर्न सकिँदैन ।

शहीद झाकी पत्नी काशीदेवी झालाई तराई-मधेश लोकतान्त्रिक पार्टीले संविधानसभा सदस्यमा मनोनीत गऱ्यो । यसै संविधानसभाले गणतन्त्रात्मक संविधान लागू गऱ्यो, जसबाट नेपालमा राजाको शासन सदासदाका लागि समाप्त भयो । संविधानसभा सदस्य काशीदेवी झा प्रधानमन्त्री डा. बाबुराम भट्टराईको मन्त्रिमण्डलमा कानुन तथा न्याय राज्य मन्त्री भइन् ।शहीद झा रहेनन् तर राज्यद्वारा शहीद पत्नी काशी झाको मन्त्री पदमा मनोनयन आफैंमा एक आश्चर्यजनक तर सुखद् घटना थियो । झामाथि ट्रायल चल्दै गर्दाको समय काशी झाले महारानी रत्नालाई भेटेर आफ्ना पतिलाई छाडिदिन बिन्ती गरेकी थिइन् । तर महारानीले स्वीकार गरिनन् । भनिन्छ, काशी झाले दिएको श्रापकै कारणले एक दिन राजपरिवार समाप्त भएको मात्र होइन, त्यही शहीद पत्नीको हस्ताक्षर परेको कागज राजसत्ता समाप्तिको ऐतिहासिक दस्तावेज बन्यो । काशीदेवी झा सदस्य रहेको संविधानसभाको प्रथम बैठकले राजतन्त्रलाई समाप्त पार्दै देश गणतन्त्र भएको घोषणा गरेको थियो ।

दुर्गानन्द झालाई नेपालको पहिलो गणतन्त्र शहीद मानिनुपर्छ भनेर माग हुँदै आएको छ । तर राज्यले त्यस कुरामा चासो लिएको देखिँदैन । झाले हिरासतमा रहँदा सँगै रहेका अरविन्द ठाकुरलाई भनेका थिए, 'चिन्ता नगर ठाकुर ' अब यो देशमा गणतन्त्रको आगमनलाई कसैले रोक्न सक्दैन । राजा महेन्द्रमाथि बम प्रहार गरी नेपालमा गणतान्त्रिक आन्दोलनको उद्घोष गर्दा सहादत प्राप्त गरेका प्रथम गणतान्त्रिक वीर योद्धा अमर शहीद दुर्गानन्द झाप्रति सतत: नमन ।

शहीद परिवारलाई राज्यले एकमुष्ट राहतका साथै मासिक भत्ता दिने, शहीदका सन्तानलाई विश्वविद्यालय तहसम्म अध्ययनका लागि आर्थिक सहयोग गर्ने, शहीद परिवारका सदस्यलाई वैदेशिक रोजगारीमा प्राथमिकता, सार्वजनिक यातायातमा छुट, शिक्षण संस्था र अस्पतालमा सहुलियत तथा घरजग्गा रजिस्ट्रेसनमा छुट दिने निर्णय गरेको छ ।शहीद परिवारको भरणपोषण तथा वृत्ति-विकासमा सहायता गर्नु राज्यको धर्म हो । तर ती निर्णय लागू भएको देखिनुपर्छ । राज्यले सार्वजनिक पार्क, प्रवेशद्वार, नमूना बस्ती, विद्यालय आदि शहीदहरूलाई समर्पित गर्दै आएको छ । यस्तो नीति नयाँ सन्ततिमा राष्ट्रप्रतिको माया बढाउन उत्प्रेरक हुनसक्छ ।साभार: अनलाइनखबर

रविको मुद्दाले एनआरएनलाई दिएको सन्देश

✍ रामचन्द्र भट्ट

परिवार र आफन्त भेट्न सन् २०१५ मेमा रवि लामिछाने काठमाडौं झर्दा नेपालले विशाल भूकम्पको पीडा भोगिराखेको थियो । अमेरिकी नागरिकका हैसियतले उनी त्रिभुवन विमानस्थलको आगमनतर्फको अध्यागमनमा पुगेर 'अनअराइभल' भिसा लिए । नेपाल फर्केका बेलासम्म उनले १४ वर्ष अमेरिकामा बिताइसकेका थिए । अमेरिकी संस्कृति, नीति नियम, कानुन सिक्न १४ वर्ष पर्याप्त समय हो । तर, त्यतिन्जेलसम्म उनले अमेरिकामा न दाम कमाउन सके, न त नाम नै । अमेरिका जानुअघि उनले मिडियामा आर्जन गरेको नामसमेत धेरैको स्मृतिबाट हराउने अवस्था भइसकेको थियो ।

धेरै मानिसको लागि अमेरिका सपनाको संसार हो । आर्थिक आर्जनको दृष्टिले मात्र यो सपनाको संसार हो । बाँकी विश्वबाट आउने पहिलो पुस्ताका लागि अमेरिकाको अर्को परिचय भनेको संघर्षको संसार पनि हो । रविले डेढ दशक अमेरिका रहँदा दाम कमाउन सकेनन् । भएको नाम समेत गुमाइसकेका थिए । परिवार मा विखण्डन आइसकेको थियो । दाम कमाउन नसकेको उदाहरण उनी आफैँले पटकपटक 'इन्टरभ्यु'हरुमा सार्वजनिक गरिसकेका छन् ।

नेपाल पुगेपछि भर्खरै खुलेका टेलिभिजनहरू र मिडियाको 'क्रेज' देखेर त्यतै लोभिए । विशेषगरी टेलिभिजन पत्रकारितामा आएको लहर देखेपछि उनले आफू अमेरिकी नागरिक भइसकेको तथ्यसमेत बेवास्ता गरेको देखिन्छ । नेपालमा विदेशी नागरिकले वैतनिक रूपमा काम गर्न श्रम विभागबाट स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था छ । तर, उनले त्यो प्रावधान पूरा नगरी टेलिभिजनमा काम गर्न थाले । त्यो पनि सरकारी स्वामित्वको नेपाल टेलिभिजनमा । अझै त्यसमाथि प्रधानमन्त्रीसँग प्रत्यक्षरूपमा जनतासँग संवाद गर्ने र गराउने भूमिकामा । त्यतिखेरसम्म न त उनको राष्ट्रियता बारे कतै कुरा उठ्यो, न त कतै चर्चानै भयो । झन्डै तीन महिनासम्म उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग सिधा साक्षात्कार गर्दै 'सिधा कुरा प्रधानमन्त्रीसँग' कार्यक्रम चलाए ।

अमेरिकाको यथार्थ हो नगर परिषद्को सदस्य भेट्न पनि निकै पापड बेल्नुपर्छ । किन, केका लागि, यसबाट के हुन्छ ? भेटघाटको लक्ष्य, उद्देश्य सबै खुलाउँदै 'अप्वाइन्टमेन्ट' माग्नुपर्छ । नेपालमा जस्तो सिधै टिभीको बुम तेर्स्याउँदै छिर्न कहाँ पाउनु ? अमेरिकी कंग्रेसम्यान, सिनेटर त धेरै उपल्ला पद भए । नेपाली समुदाय धेरै भएको न्युयोर्क, टेक्सस, क्यालिफोर्निया, कोलोराडो लगायतका राज्यहरुमा बल्ल अमेरिकी नेतासँग पहुँच पुग्दैछ । आजभन्दा दशकअघि त एकातिर नेपालीहरू नै थोरै, त्यसमाथि अमेरिकी राजनीतिमा चासो राख्नेहरू झन् कम, भोट हाल्न जाने त झनै कम भएपछि यहाँका नेताले नेपालीलाई किन टेर्ने ? रवि लामिछानेले यो तथ्य भोगेकै हुनुपर्छ ।

नेपाल पुगेको केही महिनामै प्रधानमन्त्रीसँग टक सो चलाउने हैसियत भएपछि उनले कानुनी कुरामा अलिकति खेलाँची देखाए । अलिकति बल मिच्याइँ पनि गरे । सूचना विभागको प्रेसपास लिनुभन्दा जुत्ता पालिस गरेर बस्छु भनेर ध्वाँससमेत दिए । पत्रकारिता गरेको छु भन्ने तर पत्रकारिताको न्यूनतम कखरको रूपमा लिइने 'फाइभ- डब्ल्यू, वान-एच' लाईसमेत तिलाञ्जली दिएर कार्यक्रम चलाए । आफैं पीडित खडा गर्ने, आफैं वकिल, आफैं न्यायाधीशको शैलीमा चलाइएको टिभी सोबाट उनले जनसाधारणका स्तरमा समर्थक त कमाए तर समाजको माथिल्लो वर्गभित्र ठूलो संख्यामा शत्रुता पनि बढाए ।

'लो प्रोफाइल'मा रहेर काम गरिरहने हो भने समाजले खासै चासो दिँदैन । तर जब मानिसले 'प्रोफाइल' आर्जन गर्न थाल्छ समाजले दोष केलाउन सुरु गर्छ । तोरीको गेडामा समेत प्वाल पार्ने प्रयास गर्छ समाजले । अमेरिकी नागरिकता लिइसकेका रविले मिडियामा काम थाल्नुअघि धेरै कुरा सोच्नुपर्थ्यो । एक त, मिडियामा काम गर्नु आफैँमा खतराको खेल हो । एउटा पत्रकारले दिनमा जति प्रशंसा कमाउँछ त्यसको दुई गुणा बढी विरोधी आर्जन पनि सँगै गरिराखेको हुन्छ ।

त्यसमाथि अमेरिकी नागरिकता लिइसकेको व्यक्तिले 'नाकको डाँडी भाँच्चिनेगरी टुँडीखेलमा राखेर हान्नुपर्ने' जस्ता शब्द प्रयोग गर्दा नेपालको राजनीतिज्ञ, कर्मचारी वृत्त, व्यावसायिक क्षेत्र भएभरका सबै आक्रोशमा थिए । एउटा भनाइ नै छ - तपाईं ९९ वटा असल काम गर्नुस् तर यो समाज तपाईंको एउटा कमजोरी खोज्न उद्यत हुन्छ । रविको मामिलामा पनि भयो यही र यस्तै । प्रशंसकको संख्या र शत्रुताको संख्यामा भएको बढोत्तरीसँगै उनले आवश्यकभन्दा बढी चर्चा आर्जिए । त्यसपछि उनको अमेरिकी नागरिकताको खोजी भयो । नेपालमा कमाएको ख्यातिले गर्दा उनले सन् २०१८ मा अमेरिकी नागरिकता त्याग्न दूतावासमा निवेदन दिए ।

अमेरिकाको नागरिकता लिँदा एक पटकमात्र सोधिन्छ राष्ट्रियताका बारेमा । त्यो पनि लिखित फर्ममा भरिएको हुन्छ । अमेरिकी नागरिकता प्राप्त गर्ने प्रक्रियालाई 'नेचुरलाइजेसन' भनिन्छ । 'नेचुरलाइजेसन' का क्रममा कतिवटा देशको नागरिकता छ भनेरसमेत खुलाउनु पर्दैन । शपथका दिन 'ग्रीनकार्ड' बुझाउनुपर्छ । तर, नेपाली नागरिकतामात्र होइन संसारका कुनै पनि देशबाट आएकाले पुरानो देशको नागरिकताको प्रमाणपत्र न त बुझाउनु नै पर्छ, न त देखाउन नै जरुरी हुन्छ ।

अमेरिकी नागरिकता प्राप्तिसँगै एउटा प्रमाणपत्र हुन्छ - 'सर्टिफिकेट अफ नेचुरलाइजेसन' लेखिएको । यो सर्टिफिकेट र ग्रिनकार्ड एकै होइनन् । नेचुरलाइजेसनले अमेरिकी चुनावमा उम्मेदवार हुन, भोट हाल्न र संघीय सेवाका जागिरमा प्रवेश गर्न बाटो खुल्छ । तर, ग्रिनकार्डले यी अधिकारहरू दिँदैन । चारित्रिक आचरण, नियम कानुनको पालना, देशलाई कर तिरेको विवरणलाई आधार मानेर ग्रिनकार्ड प्राप्त भएको ५ वर्षमा व्यक्ति अमेरिकी नागरिकताका लागि योग्य हुन्छ । त्यसका लागि 'युनाइटेड स्टेट सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिसेज'मा शुल्क तिरेर आवेदन दिनुपर्छ । अवस्था हेरेर तीन महिनादेखि डेढ दुई वर्षभित्र इन्टरभ्यु हुन्छ । त्यसमा उत्तीर्ण भएपछि मात्र अमेरिकी नागरिकता प्राप्त गर्न सकिन्छ । नागरिकता दिने विशेष कार्यक्रम आयोजना गरेर अमेरिकी झन्डा बोकेर संविधान र कानुनको पालना गर्छु भनेर प्रतिज्ञा गर्नुपर्छ । अमेरिकाले व्यक्तिको चारित्रिक स्वभाव र पृष्ठभूमि निकै मिहिनरूपमा केलाएरमात्र नागरिकता प्रदान गर्छ । तैपनि, नेपालमा अंगीकृत नागरिकता लिनुभन्दा अमेरिकाको नागरिकता लिने प्रक्रिया सहज छ ।

नेपालमा नागरिकता बाँड्दा राष्ट्रियता कमजोर हुन्छ भन्ने ठूलो चिन्ता छ । नेपाली भूमिमै विदेशी पिता र नेपाली आमाबाट जन्मिएकाहरू अहिले पनि नागरिकताविहीन छन् । लाखौं भुटानीलाई २० औं वर्षसम्म आफ्नो भूमिमा राखेर पनि गैरनागरिक बनाइरह्यो नेपालले । देखाउने कारण - त्यसरी नागरिकता दिँदा राष्ट्रियता कमजोर हुन्छ भनियो । अमेरिकाले बर्सेनि १० औं लाख विदेशी नागरिकलाई आफ्नो देशको नागरिक बनाउँछ । तर पनि अमेरिकाको राष्ट्रियता कहिल्यै कमजोर भएको सुनिएको र देखिएको छैन ।

नेचुरलाइज सिटिजनसिप दिने बेलायतको राष्ट्रियता कमजोर भएको कहिल्यै चर्चा हुँदैन । त्यस देशमा अहिले भारतीय मूलका ऋषि सुनक प्रधानमन्त्री छन् । क्यानडाले बर्सेनि हजारौं दक्ष र शिक्षित व्यक्तिलाई आफ्नो देश भित्र्याउँछ र प्रक्रिया अनि अवधि पुगेपछि नागरिकता लिने बाटो खुला गरिरहेको छ । क्यानडाको राष्ट्रियताका बारेमा कहीं कतै टिप्पणी भएको सुनिदैन । बरु, थुप्रै आप्रवासीहरू क्यानडाको मन्त्रीसमेत भइसकेका छन् । अस्ट्रेलियाको पनि अवस्था त्यस्तै छ । त्यस देशको राष्ट्रियता कमजोर भएको कतै सुनिदैन । राष्ट्रियताको भूत देखाएर तर्साउने खेल नेपालमा पञ्चायतकालदेखिकै हो ।

एनआरएनका मुद्दा

रवि लामिछानेको पुरानो नागरिकतालाई अदालतले मान्यता दिएन । नयाँ नागरिकता उनले लिनुपर्ने फैसला अदालतको रहयो ।

बाँकी पृष्ठ-३ मा...

जोखिमको चौघेरामा सरकारी सर्भर

काठमाडौं/शनिवार झण्डै चार घण्टा सरकारका सबै वेबसाइट 'डाउन' भए । सिंहरबार दरस्थित राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी) मा रहेको सूचना प्रविधि प्रणालीमा समस्या आएर अनलाइनमा दर्ता अभिलेख नचल्दा अन्तर्राष्ट्रिय उडान्देखि सरकारी फारम भर्ने सेवासम्म देशैभर प्रभावित भए ।

केन्द्रका प्रवक्ता रमेश पोखरेलका अनुसार एकसाथ धेरै ठाउँबाट प्रणालीमा अनधिकृत पहुँच स्थापित गर्न साइबर आक्रमण हुँदा यस्तो समस्या आएको हो ।

सर्भर डाउन हुने समस्या नेपालका सरकारी निकायमा सेवा लिनेहरुका लागि नयाँ होइन । प्रवक्ता पोखरेलका अनुसार यस्ता समस्या सधैं एउटै कारणले आउँदैन । तर, मुख्य रुपमा समस्याहरु पहिचान भइसक्दा पनि आवश्यक सुधार तथा अद्यावधिक गर्नेतर्फ ध्यान नदिंदा लगातारजस्तो सिस्टम डाउन भएर धेरैबेर लाइन बस्दा पनि कर तिर्न समेत सर्विदैन भनेकलिले घरबाट पासपोर्टको फारम भर्न पनि सकस पर्छ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र सञ्चालनमा ल्याएको प्रणालीमा बारम्बार सर्भर डाउन हुने, इन्टरनेट सेवा धेरैपटक बिच्छेद भइरहने, इमेलमा विभिन्न समस्या आइरहने, होस्टिड भएका वेबसाइट नखुल्ने वा ढिला खुल्ने लगायत अनेकन समस्या छन् । यस्तो समस्या पर्दा एनआईटीसीमा गुनासो गर्न सरोकार वाला निकायका लागि एउटा डेडिकेटेड कल सेन्टरसमेत छैन ।

यसरी बारम्बार गडरहने प्रणालीको गुणस्तरमा सुधार हुने गरी योजनाबद्ध रुपमा काम भएको छैन । कार्यालय स्तरमा देखिएका समस्या केन्द्रसम्म नआइपुग्ने र आए पनि समयमै समाधान नहुने गर्दा पटक-पटक घण्टौं सर्भर डाउन भएर सेवाग्राहीले सास्ती बेहोर्नु परिरहेको छ । यसकै कारण सरकारको तथ्यांक प्रणालीले विश्वसनीयता पनि गुमाउँदै गएको छ ।

महालेखा परीक्षाको कार्यालयको सूचना प्रविधिको लेखा परीक्षण प्रतिवेदन-२०७८ ले तथ्यांकको सुरक्षा सम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डाटा सेन्टर का तथ्यांकको पाइरेसी, हयाकिङ, भाइरस, फिसिङ, मालवेयर जस्ता साइबर थ्रेटको जोखिम रहने औल्याएको छ । 'केन्द्रमा रहेको तथ्याङ्क सुरक्षा प्रणाली डाटा सेन्टर को अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार रहेन', प्रतिवेदनमा भनिएको छ ।

खैन उपकरणको तथ्यांक

सन्‌ २००१ मा सूचनाको डेटा बैंकको रूपमा स्थापित राष्ट्रिय सूचना प्रविधि केन्द्रले डेटा भण्डारण, व्यवस्थापन, प्रशोधन तथा सुरक्षण, साझा कम्प्युटिङ स्रोतहरु, परामर्श सेवा, सरकारी डोमेन दर्ता, इमेल सर्भर, सरकारी नेटवर्क व्यवस्थापन, जनशक्ति तालिम, कोलोकेसन सेवा, भर्चुअलाइजेसन, क्लाउड सेवा, वेब होष्टिङ, सफ्टवेयर विकास, डेटा केन्द्र सञ्चालन लगायत सेवा प्रवाह गर्दै आएको छ ।

कोरिया सरकारको सहयोगमा २००९ मा स्थापित भण्डारण सञ्जाल 'सरकारी एकीकृत डेटा केन्द्र' सञ्चालन गर्नु उसको मुख्य काम हो । डेटा सुरक्षाका लागि ३१ वैशाख २०७६ देखि मकवानपुरको हेटौंडामा 'डिजाष्टर रिकभरि केन्द्र' समेत सञ्चालन भएको छ ।

१५ औं पञ्चवर्षीय योजनामा डिजिटाइजेसनमार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति लिइएअनुसार डिजिटल फ्रेमवर्क कार्यान्वयन गर्न यो केन्द्रको मुख्य भूमिका छ ।

तर, केन्द्रको व्यवस्थापन र सञ्चालन यति भद्रगोल छ कि तथ्यांकीय सुरक्षामा प्रश्न गर्न प्रशस्तै ठाउँहरु छन् । महालेखाको सूचनाप्रविधिको लेखा परीक्षण प्रतिवेदनले केन्द्र कति कमजोर व्यवस्थापनसहित चलिरहेको छ भन्ने स्पष्ट गर्छ ।

महालेखाले केन्द्रसहित त्यहाँको च्याकमा सर्भर राखेर सेवा दिने कार्यालय र निकायहरुको यन्त्र उपकरण जस्ता सम्पत्तिहरुको अभिलेखसमेत व्यवस्थित ढंगले नराखेको औल्याएको छ । अहिलेसम्म पनि केन्द्रले त्यहाँ रहने सर्भरको

क्षमता कति हो र सेवाग्राहीको चापअनुसार ती सर्भरको हनुपर्ने क्षमता कति हो भन्ने विश्लेषण समेत गरेको हुँदैन । यसले गर्दा कतिपय सेवाप्रदायक संस्थाको सर्भर सेवाग्राहीको चापको कारण डाउन वा ढिलो भइरहने गरेको छ ।

खरिद गरिएको सफ्टवेयर र यसको नियमित रुपमा अद्यावधिक गर्नुपर्ने अवधि, हार्डवेयरको प्रयोग गर्न मिल्ने आयु, लाइसेन्स अवधि र अवधि बाँकी रहेको लाइसेन्स, इमेल सर्भरको लाइसेन्स अवधि, विद्युत आपूर्तिको वैकल्पिक श्रोतको रुपमा प्रयोग भएका ब्याट्रीमा पानी फेर्ने अवधि, अग्नि निवारक यन्त्रको ग्यास फेर्ने समय जस्ता विवरण केन्द्रले राख्ने गरेको छैन । यस्ता उपकरणमा बारम्बार आउने समस्याले पनि सरकारको सर्भर डाउन हुने समस्या व्याप्त छ ।

सर्भरहरुको एकमुष्ट विवरणका साथै कार्यलयहरुमा जडान भएको इन्टरनेट लाइनमा समस्या भए सम्पर्क व्यक्तिको विवरण समेत अभिलेख केन्द्रमा छैन । सूचना केन्द्रका निश्चित कर्मचारी र पदाधिकारीहरुलाई मात्र थाहा हुने र उनीहरु केन्द्रमा नभएको अवस्थामा कुनै समस्या आइपरे तुरुन्तै समाधान हुँदैन ।

आन्तरिक नियन्त्रण तथा परीक्षण प्रणालीलाई पनि केन्द्रले चुस्त बनाएको छैन । डेटा सेन्टरमा जडान भएका यन्त्र-उपकरण, प्रविधि, सफ्टवेयर, नेटवर्किङ, इन्टरनेट, डाटाबेस, पावर ब्याकअप, विद्युत प्रवाह, अग्नि निवारक यन्त्र, कुलिङ सिस्टम, मनिटरिङ कन्ट्रोल, सेक्युरिटी आदि सूचना प्रविधि संयन्त्रको प्रभारि कतावारे नियमित प्राविधिक जाँच तथा परीक्षण गराउने पद्धति छैन । प्रणाली, यन्त्र-उपकरण लगायत समग्र संयन्त्रमा भएका समस्याबारे केन्द्र अनभिज्ञ रहने अवस्था छ ।

केन्द्रका एक कर्मचारीका अनुसार नियमित परीक्षण नहुँदा सानातिना समस्या पनि बेलैमा समाधान नभएर पछि जटिल हुने गरेको छ । हालसम्म डेटा सेन्टरको आन्तरिक सिस्टम अडिट र नियमित टेक्निकल अडिटमा पनि ध्यान गएको छैन ।

गुणस्तर प्रमाणीकरण नभएको सरकारी सर्भर

अधिकांश सरकारी मन्त्रालय तथा निकायहरुको अति महत्वपूर्ण र गोप्य सूचना भण्डारण हुने तथा अत्यावश्यक सेवा प्रदान गर्ने डेटा सेन्टर जस्तो सम्वेदनशील निकायको गुणस्तर परीक्षण र स्तर निर्धारण समेत भएको छैन ।

केन्द्रले डेटा सेन्टरको अन्तर्राष्ट्रिय स्तरको सुरक्षा मापदण्ड पुरा हुने गरी बहुपक्षीय तथा बहुतहको तथ्यांक सुरक्षाको व्यवस्था पनि गरेको छैन । भरपर्दो तथ्यांक सुरक्षा र पहुँच नीति पनि नबनाई केन्द्र चलाईदैछ ।

कुनै निकायले सञ्चालन गरेको डेटा सेन्टर तोकिएको मापदण्ड अनुसारको छ वा छैन भन्ने निश्चित र विश्वस्त हुनको लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त स्वतन्त्र निकायबाट परीक्षण गराएर प्रमाणपत्र लिनुपर्ने हुन्छ । त्यस्तो प्रमाणपत्र दिने निकायको मापदण्ड तथा मार्गदर्शनअनुसार नियमित आन्तरिक तथा बाह्य परीक्षण समेत गराउनुपर्छ ।

तर, 'आईएसओ २७००१ प्रमाणपत्र' लिने विश्वव्यापी मान्यता र असल अभ्यासअनुसार डेटा सेन्टर सञ्चालन गर्न चासो दिइएको छैन । हेटौंडाको डिजाष्टर रिकभरि केन्द्रले पनि गुणस्तर प्रमाणीकरणको काम गरेको छैन । 'ढिलै भएपनि आईएसओ प्रमाणपत्र लिने प्रक्रिया थालिएको छ,' केन्द्रका प्रवक्ता र मेश पोखरेल भन्छन्, 'अब डेटा फिल्टर अडिट पनि गर्छौं ।'

बाह्य निकायबाट प्राविधिक परीक्षण नगराउँदा डेटा सेन्टरमा साइबर र भौतिक सुरक्षा जोखिम पत्ता लाग्दैन । पूर्वाधारको गुणस्तर, वातावरण, सुरक्षा, पहुँच, प्रकोप व्यवस्थापन आदि दृष्टिकोणबाट तोकिएको मापदण्ड अनुसारको र प्राविधिक रुपमा डेटा सुरक्षित छ भन्ने आधार अहिलेसम्म सरकारले दिन सकेको छैन ।

त्यसकै कारण गत ९ असोजमा डिजाष्टर रिकभरि केन्द्रमा आगलागी भयो । यसले सरकारी सूचना दिगो र सुरक्षित तरिकाले भण्डारण भएकोमा विश्वस्त हुने अवस्था नरहेको प्रष्ट भइसकेको छ ।

भद्रगोल जनशक्ति व्यवस्थापन

तथ्यांकीय सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने जनशक्ति व्यवस्थापनमा पनि केन्द्र चुकेको छ । व्यवसायिक आवश्यकता पूर्तिका लागि दक्ष जनशक्ति भर्ना र व्यवस्थापन गर्ने योजना नै तयार भएको छैन ।

एनआईटीसी र डिजास्टर रिकभरी केन्द्र हेटौंडामा कार्यकारी निर्देशकको नेतृत्वमा करिब ५० कर्मचारी छन् । तर, लेखा हेर्नेबाहेकका अधिकांश कर्मचारीहरु करार सेवाका हुन् । डेटा सेन्टर चलारहेको जनशक्तिले कामको प्रकृति अनुसार को विशिष्ट योग्यता, दक्षता, विज्ञता हासिल गरेका छैनन् । कति त मन्त्री, नेताहरुको सिफारिसमा नियुक्ति लिएर आएका छन् ।

अविच्छिन्न चलाइराख्नुपर्ने भएकोले डेटा सेन्टरमा विशेष दक्षता प्राप्त जनशक्ति निरन्तर उपस्थित हुनुपर्छ । नेटवर्क, डेटाबेस, कुलिङ, पावर, नेटवर्किङ तथा अन्य पूर्वाधार बारे विज्ञ र सम्बन्धित विषयका दक्ष जनशक्ति व्यवस्था गर्नु पर्नेमा त्यसअनुसार भएको छैन । डेटा सेन्टर पूर्वाधार, नेटवर्क र सेक्युरिटी, डेटाबेसतर्फ विशिष्ट योग्यता भएका कर्मचारीहरुको आवश्यकता पर्ने भएपनि पूर्तिमा ध्यान छैन ।

फरक-फरक र विशिष्टिकृत जनशक्तिको अभावमा सीमित व्यक्तिलाई धेरै क्षेत्र र धेरै प्रकारको जिम्मेवारी दिइएको छ । डेटाबेस इन्जिनियर, सिष्टम इन्जिनियर, नेटवर्क इन्जिनियर, डेटा सेन्टर इन्जिनियर जस्ता पद सिर्जना भएको छैन । यी काम सबै कम्प्युटर इन्जिनियरले भाग लगाएर हेरिरहेका छन् । यसकै कारण केन्द्र विशिष्टिकृत कामको लागि बाह्य पक्षसँग निर्भर छ ।

डेटा सेन्टरमा दक्षता हासिल गरेका जनशक्ति पनि स्थायी नभई करारका हुँदा उनीहरुले छाडिरहने समस्या छ । यस्ता कर्मचारी राम्रो अवसर पाउँदा जुनसुकै बेला केन्द्र छाडेर अन्यत्र काम गर्न सक्ने अवस्था रहेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

करार सेवामा कार्यरत जनशक्तिको लामो समयसम्म रोजगारीमा रहने सुनिश्चितता तथा वृत्ति विकास निश्चित नहुने हुँदा तालिम र अनुभव लिएपछि केन्द्र छोडेर जाने अनुपात बढ्दो छ । गत वर्ष केन्द्रको कार्यकारी निर्देशक रहेका सुनिल पौडेल नेपाल टेलिकममा प्रबन्ध निर्देशक हुन गएका थिए ।

केन्द्रका करार सेवाका कर्मचारीसँगै गोप्य सूचना र तथ्यांकहरु पनि बाहिरिने सक्ने पक्षमा सरकारले ख्याल नै गरेको छैन । त्यहाँ काम गरेका कर्मचारीलाई अन्यत्र जाँदा 'कुलिड पिरियड' तोकिएको छैन ।

आफ्नो जनशक्तिले गर्न नसकेको कामका लागि बाह्य सेवा प्रदायकबाट आउटसोर्सिङ गर्ने विषयमा केन्द्रले तथ्यांकीय सुरक्षाको सवाललाई केन्द्रमा राखेर नीति बनाएको छैन । अहिले आउटसोर्स गर्न गोपनीयता, सुरक्षा, पहुँचका प्रावधानबारेमा स्पष्टता छैन । कस्ता प्रकृतिका काम आफैले गर्ने र कस्तोमा आउटसोर्सिङ गर्ने भन्ने स्पष्ट नीति छैन ।

यस्तो सम्वेदनशील निकायमा नेपाल सरकारका स्थायी कर्मचारी पर्याप्त नहुनुले उत्तरदायित्व तथा जिम्मेवारी वहनको दृष्टिकोणबाट समेत सेवाको गुणस्तर मा सुनिश्चतता हुन नसकेको यातायात विभागका एक अधिकारीले बताए । 'कराकको जागिरको कसैलाई धेरै माया हुँदैन,' ती अधिकारी भन्छन्, 'सर्भर डाउन भएपनि केन्द्रका मान्छेलाई खासै तनाव हुँदैन, किनभने सबै अपजस बोक्ने र गाली खाने हामीले हौं ।'

केन्द्रका कर्मचारीहरुले प्रविधिको बदलिंदो प्रयोगबारे वृत्ति विकास गर्ने गरी तालिम समेत पाउने गरेको छैनन् । कतिपय प्राविधिक अटिलता समाधान गर्न निजी क्षेत्रबाट मान्छे लैजानुपर्ने बाध्यता केन्द्रलाई छ । यस्तो अवस्थामा पनि केन्द्रको प्राविधिक क्षमता सुधार र विस्तार को योजना बन्न सकेको छैन ।

कमजोर सुरक्षा र पूर्वाधार

पूर्वाधार सुधारमा पनि केन्द्रले चासो दिएको छैन । केन्द्रमा भरपर्दो र वैकल्पिक इन्टरनेट कनेक्टिभिटीको समस्या छ । प्रवाह भएको इन्टरनेट सेवाको गुणस्तर प्रभावकारी भए/नभएको निरन्तर परीक्षण गरेर इन्टरनेट कटअफ र गतिको उतार-चढावलाई कम गर्ने केन्द्र चुक्दै आएको छ ।

सुरक्षा जोडिने विषयमा केन्द्र सम्वेदनशील नहुँदा पनि सर्भर मा समस्या आउने जोखिम छ । केन्द्रका यन्त्र-उपकरण लिलाम बिक्री गर्दा पनि सुरक्षामा ध्यान नदिएको पाइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । सूचना प्रविधिका उपकरणहरुमा लामो समय सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माइक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डीभीडी, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड, पेन ड्राइभ जस्ता डिभाइसहरु जडान भएका हुन्छन्‌नु ।

यस्ता यन्त्र-उपकरण लिलाम बिक्री गर्दा जडान भएका डिभाइसहरुसँगै सूचना पनि जाने भएकाले अति सम्वेदनशील र गोप्य सरकारी सूचना बाहिरिने र दुरुपयोग हुन सक्ने जोखिम हुने महालेखाले जनाएको छ ।

'त्यस्ता डिभाइसहरुमा भण्डारण भएका सूचना साधारण तरिकाले मेटाउँदा पनि विभिन्न टुल्स प्रयोग गरेर पछि रिकभर गर्न सकिने हुनाले लिलाम बिक्री पश्चात बाह्य पक्षले दुरुपयोग गर्नसक्ने जोखिम र हन्छ,' महालेखाले भनेको छ, 'यस्ता उपकरणमा जडान भएको भण्डारण डिभाइसहरुलाई विद्युतीय तथा चुम्बकीय प्रविधिबाट निस्तेज गर्ने अभ्यास समेत रहेको पाइन्छ । लिलाम बिक्री गर्नुभन्दा पहिला सूचना प्रविधि यन्त्र तथा उपकरणहरुमा भण्डारण भएका तथ्यांक, विवरण तथा अभिलेख सुरक्षित र व्यवस्थित तरिकले राखुपर्छ । लिलाम बिक्री गर्नुपूर्व उपकरणहरुमा रहेको डाटा एवं सूचनालाई पूर्णरुपमा नष्ट गरिएपछि लिलाम गर्नुपर्छ ।'

केन्द्रमा बाह्य पहुँच पनि कडाइ गरिएको छैन । केन्द्रमा अवलोकन, अध्ययन, भ्रमण, अनुसन्धान गर्न विभिन्न सरकारी तथा बाह्य निकायका व्यक्तिहरु तथा डेटा सेन्टर को सुविधा लिएका निकायका कर्मचारीहरु समेत बारम्बार आइरहन्छ । त्यसलाई ध्यानमा राखेर पहुँच नियन्त्रणको लागि बहु-आयामिक प्रमाणीकरण गर्ने व्यवस्था पनि हुन सकेको छैन ।

हस्तलिखित आगन्तुक पुस्तिकामा प्रविष्टि गरेपछि प्रवेश दिने व्यवस्थामा समेत हेलचेक्याईं हुँदै आएको छ । सफ्टवेयरमा सम्पूर्ण विवरणसहित नाम दर्ता गरेर प्रवेश दिने गरी पहुँच नियन्त्रणको व्यवस्था गर्न केन्द्रले ध्यान दिएको छैन । केन्द्र प्रवेशका लागि विद्युतीय गेटपास, कार्ड, बायोमेट्रिक उपकरणसहित बहुतहको सुरक्षात्मक व्यवस्था छैन । डेटा सेन्टरमा कर्मचारीहरुको 'थम्ब'बाट खुल्ने ढोका भएपनि एकजनाले खोलेको ढोकाबाट अरु पनि पस्नसक्ने जोखिम छ ।

यस्तो सुरक्षाको सवाल कर्मचारीको हकमा मात्रै छैन, इमेल सेवा, डाटाबेस सेवा, प्रणाली सुरक्षा सेवासहित विभिन्न यन्त्र-उपकरण खरिद गर्दा ती सेवा र यन्त्र उपकरणहरु निश्चित अवधिसम्म ठेकदार वा परामर्शदाता कम्पनीका कर्मचारीले डेटा सेन्टरमै बसेर सञ्चालनमा सहजीकरण गरिदिने सर्तमा सम्झौता हुने गरेको छ । यस्तो व्यवस्थाले तौकिएकोभन्दा बढी अवधिसम्म त्यस्ता कम्पनीका कर्मचारी डाटा सेन्टरमा रहने समस्या छ ।

सप्लायर्सका कर्मचारीलाई डेटा सेन्टरका सबै सूचना, इमेल सर्भरको कन्ट्रोल प्यानेल तथा वेबसाइटको मुख्य नियन्त्रण तथा यन्त्र उपकरणहरु खोल्ने, जोड्ने, बन्द गर्ने लगायतका काममा पहुँच दिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

(स्रोत: अनलाइनखबर)

सांसद अरुण चौधरीले ६ महिना कैद भुक्तान नगरेको खुलासा

काठमाडौं/कैलाली क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद अरुणकुमार चौधरी फौजदारी कसुरमा दोषी ठहर व्यक्ति भएको खुलेको छ । उनीमाथि जिल्ला अदालत कैलालीबाट ट्याक्टरमा आगो लगाएको आरोपमा ६ महिना कैद सजाय गर्ने र ८ लाख १९ हजार रुपैया भराउने फैसला भएको हो ।

अरुणसहित ३ जना विरुद्ध मुद्दा चलेको थियो । तीनजना आरोपितहरु नै प्रहरीसमक्ष आत्मसमर्पण नगरी फरार भएका थिए । उनीहरु प्रहरीमा आत्मसमर्पण नगरेको र अदालतमा समेत नगएकाले फैसला अन्तिम भई बसेको छ । फैसला कार्यान्वयनका क्रममा उनीहरु जतिबेला पनि पक्राउ हुन सक्छन् ।

कैलालीको गोराड्डा खोलाबाट डुंगा लिएर लम्की जाँदै गएको ट्याक्टरमा ३ भरी २०६६ मा आगजनी भएको थियो । ट्याक्टर धनी मोतिपुरका महादेव बजगाईको आफ्नो ट्याक्टरमा आगो लगाइदिएको भनी बलिया गाविस-३ का पर्शुराम चौधरी, अरुण चौधरी र बिर बहादुर चौधरी विरुद्ध मुद्दा हाले । अनि ८ लाख ७५ हजार रुपैया क्षतिपूर्ति पाउनुपर्ने दाबी गरेका थिए । चालक साजन चौधरीले उनीहरुले नै आफ्नालाई लखेटेर ट्याक्टरमा आगो लगाएको बयान थिए ।

जिल्ला अदालतमा 'आगजनी गरेको' आरोपमा तत्कालिन मुलुकी ऐन बमोजिम मुद्दा पऱ्यो । आरोपित सबैजना म्याद गुजारेर बसे र अदालतमा हाजिर हुन गएनन् । जिल्ला अदालतले 'कसुर अपराधलाई स्वीकार गरी बसेको' ठहर गऱ्यो र उनीहरुलाई मुलुकी ऐनको आगो लगाउनेको महल १ र ४ अनुसार कसुर गरेको ठहर गर्यो ।

९ वैशाख २०७० मा नै पर्शुराम चौधरी, अरुण चौधरी र बिर बहादुर चौधरीलाई ६/६ महिनाको दरले कैद सजाय भयो । क्षति भएको ८ लाख १९ हजार रुपैया तीन जनाबाट भराउने आदेश भयो । फैसला भएको एक दशकसम्म पनि आरोपितहरु फरार नै थिए । दोषी ठहर भएकामध्ये वीरबहादुर चौधरी शुक्रबार पकाउ परेपछि फरार रहेका अर्का व्यक्ति सांसद चौधरी भएको खुलेको छ ।

२०७४ सालमा लम्कीचुँहा नगरपालिकाको मेयर र पछि प्रदेश निर्वाचनमा पराजित चौधरी गत मंसीरको निर्वाचनमा नागरिक उन्मुक्ति पार्टीबाट कैलाली-२ को सांसद बनेका हुन् ।

रविको मुद्दाले एनआरएनलाई...

यस फैसलाले संविधानबाट गैरआवासीय नागरिकताको प्रत्याभूति पाएका विदेशमा रहेका नेपालीको आशा र अपेक्षामा प्रहार भएको छ । संविधानमा गैरआवासीय नागरिकता दिने प्रावधान राखिएको र प्रस्तावित नागरिकता ऐनमा समेत त्यसका व्यवस्था रहेकोले पुरानै नागरिकताको निरन्तरता हुने अपेक्षा विदेशमा र हेका नेपालीहरूको थियो । तर, त्यस आशामा सर्वोच्च अदालत उदार हुनसकेन । एक हिसाबले रवि लामिछानेको काँधमा बन्दुक राखेर गैरआवासीय नेपालीमाथि प्रहार भएको छ ।

नेपालमा जन्मिएका वा नेपाली मूलका बाबु/आमाबाट विदेशमा जन्मिएकालाई सहजरूपमा नेपाली नागरिकता दिँदा नेपालाई कुनै पनि कोणबाट आर्थिक नोक्सानी छैन । न त राष्ट्रियतामा कुनै हानी नै पुग्छ ।

दुई दशकअघि अमेरिका आएका एक नेपालीले शनिबार यो टिप्पणीकाररूप भने - 'नेपालले अलि उदार नीति लिएर भने हामीपछिको पुस्ताले त नेपाल नटेक्ने अवस्था हुँदैछ । हाम्रो पो आफन्त, नातागोता नेपालमा छन्, फोन सम्पर्क, नियमित भेटघाट छ । हाम्रो सम्पत्ति राख्न अवरोध गर्ने, कडाइ गर्ने हो भने त यतै जन्मिएर हुर्किएका हाम्रा छोराछोरी कसरी जान्छन् र त्यहाँ ? नेपाल सरकारले बाटो रोक्ने कि स्वागत गर्ने भन्ने अहिलेनै निधो गर्न जरुरी भइसकेको छ ।'

फन्डै ४ लाख नेपाली अमेरिकामा छन् । दोस्रो पुस्ताका नेपाली युवा अहिलेनै विभिन्न ठूला कम्पनीका माथिल्लो तहमा पुगेका छन् । उनीहरूले आफ्ना सहकर्मी, सहपाठीसँग नेपालका बारेमा केही बताइदिँदा समेत देशलाई फाइदा पुग्छ । उनीहरु नेपाल गएर फर्किएपछि आफ्नो ठाउँका बारेमा बताउँदा अमेरिकीहरूलाई समेत नेपाल भ्रमणमा प्रोत्साहन पुग्छ । अहिलेनै बाटो रोक्ने हो भने दोस्रो पुस्ताका नेपाली नेपाल पुग्ने बाटो रोकिन्छ । त्यसको असर नेपाललाई नै पर्छ ।

अमेरिकी महादेशमै पर्ने कोस्टारिकामा २८ वर्षदेखि कार्यरत डाक्टर खगेन्द्र चापागाईले शनिबार सेयर गर्नुभएको एउटा अनुभव निकै महत्वपूर्ण छ । नेपाली बाबु र कोस्टारिकन आमाबाट जन्मिएको डा. चापागाईको छोरो केही समयअघि ६ महिना नेपाल बसेर फर्किए । नेपालमा छँदा सगरमाथाको बेसक्याम्पसम्म पुगे उनी ।

कोस्टारिका फर्किएपछि उनले आफ्ना सहकर्मी, सहपाठीसँग सगरमाथाका बारेमा यति सुन्दर र राम्रो वर्णन गरे कि त्यसबाट प्रभावित भएर नेपाल जान तयारको संख्या निकै बढेको छ ।

रविको मुद्दा टुंगो लागिसकेको अवस्थामा अब एनआरएन नेतृत्वले गर्नुपर्ने भनेको नागरिकता ऐनलाई अघि बढाएर गैरआवासीय नागरिकता तत्काल दिन सुरु गर्ने पहल गर्नुपर्छ । यो तथ्यलाई प्रधानमन्त्री, मन्त्रीहरु, सबै राजनीतिक दलला राखेर एउटा विशेष बैठक गरेर बुझाउन जरुरी छ । यो पनि बुझाउन जरुरी छ - अब अमेरिका, युरोप, अस्ट्रेलियाबाट जाने रेमिट्यान्स घट्ने र नेपालको सम्पत्ति बेचेर ती देशमा पुँजी पलायन हुने अवस्था बारे यथार्थ अवगत गराउन पनि जरुरी छ ।

गैरआवासीय नेपालीले चाहेको राजनीतिक अधिकारसहितको नागरिकता होइन । विदेशी नागरिकता लिइसकेका विदेशमा बसेका सबै नेपाली रवि लामिछानेजस्तो महत्त्वाकांक्षा बोकेर नेपालको राजनीतिमा पस्ने सोचका पनि छैनन् । उनीहरूलाई मात्र नेपालमा आफूले अर्जन गरेको रकमबाट जोडेको सम्पत्तिको रक्षा, पुर्खौंली सम्पत्तिको हक, व्यवसायमा गरेको लगानीबाट अर्जित नाफामा सहजता चाहिएको हो । भोट पर्व मेचीदेखि पश्चिम महाकालीको सिमानाभित्र बस्नेले मात्रै हालुन् । उम्मेदवार उनीहरू नै भइर हुन् । विदेशमा बस्ने धेरैलाई यसमा चासो र खासखस केही छैन । तर, नागरिकताको बहानामा दाजुभाइबीच काटामारको अवस्था निम्त्याउने, घुस्याहा र छुल्याहा कर्मचारीले अनेकौं बहानामा दुःख दिने क्रम बढ्ने अवस्था आउने वातावरण बन्नु अएन ।

एनआरएन नेतृत्वको यतिखेरको काम भनेको ताल न तुलका वक्तव्यबाजी, सामाजिक सञ्जाल रंगाउनेभन्दा पनि तत्काल ऐनलाई पास गराउनेतिर पहल गर्न हुनुपर्छ । फलाम तातेको समयमा प्रहार गर्दामात्र इच्छुक आकार दिन सकिन्छ । सेलाइसकेपछि निकै कठिन हुनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदिखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

अशोक दर्जीसँगै झुमे हेटौंडेली

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौंडामा भइरहेको व्यापार मेलामा बाल कलाकार अशोक दर्जीसँगै हेटौंडेली झुमेका छन् ।

सोमबार हेटौंडा-१० टिसिएन चौरमा जारी महोत्सवमा बाल गायक अशोक दर्जीको प्रस्तुतीमा हेटौंडेली झुमेका हुन् । मन विनाको धन ठुलो की धन विनाको मन भन्ने गीतमा दर्जीसँगै दर्शकहरु झुमेका थिए । गायक दर्जी र गायक तथा संगीतकार टंक बुढाथोकीको प्रस्तुतीमा मेला भर्न आएका दर्शकहरु रमाएका हुन् ।

गायक बुढाथोकी र दर्जीले करिब एक दर्जनभन्दा बढी गीत प्रस्तु गरेका थिए । उनीहरुले चौरीको चाम्रो छुर्पी, रुपै मोहनी नारायण, तिम्रो फोटो देखाई देखाई, कसरी कसरी, टिकटकमा देखेको, बाआमा भनेका जिउँदा देवता हुन्, कोही डाक्टर बोलाइदेउन र तोरी तेल लाएर कपाल कालो भो जस्ता करिब एक दर्जन गीत प्रस्तुत गर्दै हेटौंडेली दर्शकलाई नचाएका थिए । महोत्सवमा गायक प्रदिप त्रिपाठी र गायिका मञ्जु पौडेलले पनि आफ्नो सांगीतिक प्रस्तुती दिएका थिए ।

हेटौंडेली कलाकार सुलेमान शंकर ईकुले कमेडी प्रस्तुत गर्नुको साथै बेली डान्सर अस्मिता पुरीले नृत्य प्रस्तुत गरेका थिए ।

महोत्सवमा मंगलबार गायिका अस्मिता अधिकारी, लोक गायक खेम सेन्चुरी, कमेडियन प्रभात लामाको प्रस्तुती रहने महोत्सवका कलाकार मनोरञ्जन समितिका संयोजक एवम् संघका उपाध्यक्ष उज्वल चौलागाईले जानकारी दिए ।

महोत्सवमा चर्चित गायक प्रकाश सपुतको विशेष प्रस्तुती रहने आयोजकले जनाएको छ । आइतबार महोत्सवमा गायिका र मेशराज भट्टराई, गायिका सहिमा श्रेष्ठ र स्याण्टअप कमेडियन सिता न्यौपानेले आफ्नो प्रस्तुती दिएका थिए । महोत्सवमा हेटौंडा आइडल गायन प्रतियोगिता र हेटौंडा डान्सिङ स्टार प्रतियोगिता पनि भइरहेको छ ।

हेटौंडा आइडल र हेटौंडा डान्सिङ स्टारमा मकवानपुरका विभिन्न नवप्रतिभाहरुले प्रतिस्पर्धा गरिरहेका छन् । १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा हेटौंडा आइडल, डान्सिङ स्टार, जुम्लाको मार्सी चामल, केराको परिकार, मकवानपुरगढीको रैथाने बाली कोदोको पिठो बाट कोदोको विष्कुट, निमकिन, पोखराको खुवा, नेपाल टेलिकमको फ्री सिमकार्ड, हिमाली भीरमौरीको मह, भोजपुरे खुकुरी, प्राचिन हस्तकलाको ज्याल, ढोका, पुस्तक प्रदर्शनी, आइसगोला र मकवानपुरे आइसक्रिम, ल्यापटप एवम् मोवाइलको फ्रि सर्भिससिङ, मोडुलर किचेन, टाटा, सिजीका विभिन्न किसिमका इलेक्ट्रिक गाडीहरु, बालबालिकाको लागि फन पार्क, स्थानीय एवम् राष्ट्रिय कलाकारहरुको दैनिक प्रस्तुती, हेटौंडा र अन्य अस्पतालका डाक्टरहरुबाट निःशुल्क स्वास्थ्य शिविर, क्यारियर काउन्सिलिङ र दैनिक उपभोग्य वस्तुहरुसमेत बिक्री वितरण भइरहेको संघका महासचिव दिपक उप्रेतीले जानकारी दिए । ११ गते सुरु भएको महोत्सव माघ २३ गतेसम्म सञ्चालन हुनेछ ।

मुख्य न्यायाधिवक्ता नेपालद्वारा शपथग्रहण

साझाकुरा संवाददाता

हेटौंडा,१६ माघ/बागमती प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता ज्ञानेन्द्र नेपालले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

सोमबार उच्च अदालत पाटनका मुख्य न्यायाधीश महेश पुडासैनीले प्रदेश प्रमुख यादवचन्द्र शर्माको उपस्थितिमा मुख्य न्यायाधिवक्ता नेपाललाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् । नेपालले प्रदेश प्रमुखको कार्यालय बागमतीमा आयोजित एक समारोहबीच मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ को दफा १४ बमोजिम शपथ ग्रहण गर्नुभएको प्रदेश, प्रदेश प्रमुखको कार्यालय हेटौंडाले जनाएको छ । शपथ ग्रहण समारोहमा मुख्यमन्त्री शालिकराम जम्मकट्टेल र अन्य मन्त्रीहरु उपस्थित थिए । मुख्यमन्त्री जम्मकट्टेलले नेपाललाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेका हुन् ।

नर्सिङ संघ मकवानपुरको अध्यक्षमा दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/नर्सिङ संघ मकवानपुरको अध्यक्षमा गंगा दाहाल चयन भएकी छन् ।

सोमवार भएको तेश्रो अधिवेशनले दाहालको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिती चयन गरेको हो । समितिको उपाध्यक्षमा निर्मला भ्लोन, सचिव अमृता श्रेष्ठ, सहसचिव सुवणा कार्की र कोषाध्यक्षमा सानीकान्छी मोक्तान सर्वसम्मत चयन भएका छन् ।

संघको सदस्यहरुमा अम्बिका पण्डित, प्रतिमा शाक्य, देवकी खतिवडा, लक्ष्मी भुषाल, सुशीला श्रेष्ठ, सविता पौडेल, शुष्मा तिवारी, मुना थापा, कृतिका आचार्य लगायत रहेका छन् । भेलाको उद्घाटन गर्दै हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मीना कुमारी लामाले स्वास्थ्य क्षेत्रको विकासका लागि उपमहानगरपालिका लागिरहेको बताइन् ।

संघका अध्यक्ष कुन्ता दाहालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल नर्सिय संघका केन्द्रीय बरिष्ठ उपाध्यक्ष रमेश सुव्वा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका डिन दुर्गा खड्का, हेटौंडा अस्पताल सञ्चालक समितिका सदस्य उत्सब चौलागाई, हेटौंडा उपमहानगर पालिकाका जनस्वास्थ्य अधिकृत भेला चौलागाईलगायतको आतिथ्यता रहेको थियो ।

क्याम्पाडाँडामा वृक्षारोपण

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/हेटौंडा उपमहानगरपालिका-५ क्याम्पाडाँडामा वृक्षारोपण गरिएको छ ।

सुन्दर र आकर्षक शहर निर्माण अभियानमा रहेकी हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले क्याम्पाडाँडामा वृक्षारोपण गरेकी हुन् ।

हरित नगरीको रुपमा देशमा चर्चामा रहने गरेको हेटौंडालाई सुन्दर र व्यवस्थित शहर को रुपमा विकास गर्ने लक्ष्य राखेकी नगरप्रमुख लामाले कान्तिलोकपथ अन्तर्गत क्याम्पाडाँडामा वृक्षारोपण गरेकी छन् ।

हेटौंडा-५ र ७ को सिमा क्षेत्रमा पर्ने क्याम्पाडाँडामा निर्माण भएको सडकले चर्चर छोडेको जमिनको दक्षिण भागमा झाडी तथा फोहोर अधिक रहेकाले त्यसलाई सफा गरी वृक्षारोपण गरिएको हो । सडक किनारमा हेर्दा आकर्षक देखिने धुपी तथा गोलमोहर फूलको बिरुवा रोपिएको छ । नगरलाई सुन्दर बनाउन हरेक महिना बृक्षारोपण अभियान र हरेका साता 'सफा हेटौंडा अभियान' उपमहानगरले सञ्चालन गरिरहेको छ ।

हेटौंडा उपमहानगर पालिकाका पर्यटन शाखाका के शब देवकोटाका अनुसार हरेक महिना फरक/फरक ठाउँमा बृक्षरोपणको अभियान पनि सञ्चालन गरेको बताए ।

बृक्षरोपणमा हेटौंडा ५ का अध्यक्ष सुशील घिमिरे, हेटौंडा-७ का अध्यक्ष दामोदर गौतम, नगरसभा सदस्य सन्तुमाया पाखिन, ज्ञानबहादुर थापा, रञ्जीता सिलवाललगायत स्थानीय बासिन्दाको सहभागिता रहेको थियो ।

रेडियो मकवानपुरको बार्षिकोत्सव कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ रेडियो मकवानपुर १०१ दशमलव ३ मेगाहर्जको १३ औं बार्षिकोत्सव अन्तर्गत सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ ।

पहिलो दिन सोमबार सहिद दिवसको दिन 'सहिदको सपना र आजको नेपाल' बिषयमा साहित्यकारसंग अन्तरक्रिया तथा रचना वाचन कार्यक्रम भएको छ । रेडियो मकवानपुरमै भएको कार्यक्रमका सहभागी साहित्यकारले अझै सहिदको सपना पूरा नभएको गुनासो गरेका छन् । सर्जक सञ्जाल मकवानपुर अध्यक्ष निमेष निखिलले मुलुकको परिवर्तनका लागि सर्याँै बलिदानी दिएपनि अझै जनताले सुखको अनुभव गर्न नसकेको बताए ।

यस्तै समालोचक एवम् साहित्यकार घनश्याम घिमिरेले केही हदसम्म समाज र व्यवस्था परिवर्तन भएपनि सहिदको सपना भने पूरा हुन नसकेको धारणा राखे । अहिले अवस्थाले सहिदको आत्मा सन्तुष्ट हुने अवस्था नरहेको भन्दै उनले जनताको मुहारमा हाँसो नभएको बताए ।

सहिद को हो भन्ने नै समस्या रहेको स्मरण गर्दै उनले राष्ट्र, समाज र परिवर्तनको लागि लडेकाहरु नै सहिद हुन् भन्ने बुझ्न जरुरी रहेको औल्याए । श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका सचिव सुवास खनालले मुलुकको सकारात्मक परिवर्तनका लागि सहिदले बलिदानी दिएको भएपनि त्यसको कदर हुन नसकेको बताए ।

मुलुकमा विभिन्न नामको तन्त्र आएपनि देशले भने गति प्राप्त गर्न नसकेको उनको भनाई थियो । आँचल साहित्य कला पुञ्जका उपाध्यक्ष नीरा शर्माले मुलुकको विकास, समृद्धि एवम् परिवर्तन नै सहिदको सपना भएपनि त्यो पूरा हुन नसकेको बताइन् । अझै नेपालमा गाँस, बास, कपासको लागि आत्मदाह गर्नुपर्ने अवस्था रहेको भन्दै दुःख व्यक्त गरिन् । प्रगतिशिल लेखक संघ मकवानपुरका पूर्व अध्यक्ष पुरुषोत्तम आचार्यले देश र जनताको लागि ज्यान नै दिनु सामान्य कुरा होइन भन्ने बुझ्न जरुरी रहेको औंल्याए । अब हुने सहिदका कार्यक्रमहरु कतै औपचारिकतामै सिमित हुने त होइन भन्दै उनले प्रश्न गरे ।

मुलुकमा राजाको छोरा नै राजा हुने प्रथाको अन्त्य भएपनि दुखी गरिबको अवस्था उस्तै रहेको आचार्यको भनाई थियो । रेडियो मकवानपुरका प्रबन्ध निर्देशक आशिष दुलालको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरुले सहिदसँग सम्बन्धित कविता वाचन समेत गरेका थिए । २२ गतेसम्म विविध कार्यक्रमको आयोजना हुँदैछ ।

आइतबार श्रीमद् भागवत ज्ञान सञ्चार बृद्धाश्रम हेटौंडा १७ मा खाद्यान्न सहयोग, १८ गते रेडियोकै प्राङ्गणमा रक्तदान, १९ गते बालअधिकार विषयक विचार यस्तरीय कविता प्रतियोगिता हुनेछ । यस्तै २० र २१ गते रेडियो मकवानपुर कप फुट्सल प्रतियोगिता, २१ गते शनिबार मनहरी गाउँपालिका ४ मा बृहत निशुल्क स्वास्थ्य शिविर र २२ गते बार्षिकोत्सव समापन, दुईजनालाई सामुदायिक सम्मान र पुरस्कार वितरण कार्यक्रम हुनेछ ।

कविता प्रतियोगिताको विजेता विद्यार्थीले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजार सहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै रेडियो मकवानपुर कप फुट्सलको विजेता र उपविजेतालाई नगदसहित पुरस्कारको व्यवस्था रहेको बताइएको छ । रेडियोले बार्षिकोत्सवको अवसरमा दुईजनालाई जनही नगद १० हजार सहित सामुदायिक सम्मान समेत प्रदान गर्नेछ ।

न्यूनतम साझा कार्यक्रम ल्याउने सरकारको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ बागमती प्रदेश सरकारले न्यूनतम साझा कार्यक्रम ल्याउने तयारी गरेको छ ।

चालू आर्थिक वर्ष ०७९/८० को छैठौं महिनामा बनेको सरकारले आफ्नो प्राथमिकतालाई समेटेर न्यूनतम साझा कार्यक्रम ल्याउने तयारी गरेको हो । गत पुस २५ गते बागमती प्रदेशको चौथो मुख्यमन्त्रीमा शालिकराम जम्मकट्टेल नियुक्त भएका थिए ।

५ दलको समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेललाई माघ ३ गते संसदको ६ वटा दलले विश्वासको मत दिएको थियो । तर, मुख्यमन्त्री जम्मकट्टेलले माघ ११ गते ३ वटा दललाई मात्रै समेटदै सरकारलाई पूर्णता दिए । ३ वटा फरक फरक दलको समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेलले सबै दलहरुबीच समझदारी कायम हुनेगरी न्यूनतम साझा कार्यक्रम ल्याउने त्यति इच्छुक छैनन् । तर, गठबन्धन घटक एमाले र राप्रपाले चुनावमा आफ्नो पार्टीले तयार पारेको घोषणापत्रका योजनालाई सरकारको प्राथमिकतामा राख्न न्यूनतम साझा कार्यक्रम ल्याउनुपर्ने बताइरहेका छन् ।

प्रदेश सरकारको चालू आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट प्रदेशको वर्तमान मुख्यमन्त्री जम्मकट्टेलले नै ल्याएका हुन् । प्रदेश सरकारको नेतृत्वको सरकारको अर्थमन्त्री रहेका जम्मकट्टेलले नै चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याएका थिए । तर, त्यतिबेला प्रदेश सरकारमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सरकार मा थियो । तर, अहिले कांग्रेस र समाजवादी सरकारबाट बाहिरिएको छ भने तत्कालीन समयमा प्रतिपक्षमा बसेको नेकपा एमाले र राप्रपा सरकारमा आएको छ ।

त्यसैले मुख्यमन्त्री जम्मकट्टेलले आफैले ल्याएको चालू आवको नीति तथा कार्यक्रम र बजेटलाई पाखा लगाएर न्यूनतम साझा कार्यक्रम ल्याउने तयारी गरेका हुन् । केही दिनमा नै कार्यक्रम ल्याउने गरि गठबन्धन दलहरुले कसरत गरिरहेको स्रोतले जनाएको छ । स्रोतका अनुसार चालू आवको सरकारको नीति तथा कार्यक्रम र बजेट आफैले ल्याएका मुख्यमन्त्री जम्मकट्टेल अर्को न्यूनतम साझा कार्यक्रम ल्याउन त्यति इच्छुक छैनन् । तर, गठबन्धन घटक एमाले र राप्रपाले चुनावमा आफ्नो पार्टीले तयार पारेको घोषणापत्रका योजनालाई सरकारको प्राथमिकतामा राख्न न्यूनतम साझा कार्यक्रम ल्याउनुपर्ने बताइरहेका छन् ।

मुख्यमन्त्री जम्मकट्टेल पनि सरकारको न्यूनतम साझा कार्यक्रम बनाउन तयार रहेका छन् । प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्री युवराज दुलालले सरकारमा रहँदा गठबन्धन दलहरूमा समझदारी कायम गर्न न्यूनतम साझा कार्यक्रम बनाउने तयारी भइरहेको बताए । फरक फरक दल मिलेर सरकार बनेकाले दलहरुबीच आपसी समझदारी कायम गर्न सरकारले आफ्नो प्राथमिकता समेटेर न्यूनतम साझा कार्यक्रम बनाउने मन्त्री दुलालको भनाइ छ । 'दलहरू बीच सामान्य समझदारी बन्ने खालको अत्यन्तै न्यूनतम कुरालाई समेटेर मात्रै कार्यक्रम ल्याउने सरकारको तयारी रहेको छ । त्यही अनुसार काम पनि भइरहेको छ,अब छिटै सरकारले आफ्नो प्राथमिकता सहितको कार्यक्रम ल्याउँछ', उनले भने ।

मन्त्री दुलालले वर्तमान सरकारले कुनै पनि बजेटलाई र कमान्तर नगर्ने दावी गरे । उनले जुन योजनाको लागि बजेट विनियोजन गरिएको छ, त्यो बजेट सोही योजना कार्यान्वयनमा खर्चिने बताए । मुख्यमन्त्री जम्मकट्टेल सरकारले न्यूनतम साझा कार्यक्रम ल्याउने भए पनि तयारी सुरु भई नसकेको बताउँछुन् । 'सरकारको प्राथमिकताको विषयमा हामी प्रवेश गर्ने पाएका छैनौं । दलहरुबीच सल्लाह गरेरएकआपसमा समझदारी बन्ने खालको न्यूनतम साझा कार्यक्रम ल्याउँछौं,मुख्यमन्त्री जम्मकट्टेलले भने । उनले सरकारको न्यूनतम साझा कार्यक्रम आउन समय भने लाग्ने बताए ।

दलहरुबीच सहमति र समझदारी कायम गर्नुपर्ने विषय भएकोले विस्तृत छलफल गरेर मात्रै कार्यक्रम ल्याउने उनको भनाइ छ । जम्मकट्टेलले सरकारले भौतिक पूर्वाधार विकास, रोजगारी सिर्जना र उत्पादन वृद्धिलाई प्राथमिकतामा राखेर न्यूनतम साझा कार्यक्रम बनाउने बताए । उनले सरकारले पुरक बजेट नल्याउने बताए । चालू आर्थिक वर्षको ६ महिना बितिसकेपछि सरकार बनेको भए पनि पुरक बजेट नल्याउने उनको भनाइ छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
निर्माण व्यवसायी संघ, मकवानपुर
हेटौंडा, मकवानपुर

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाड्जोर्ति तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इक्लाम हुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोविन्द भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रन्जना शाह
- फिजियोथेरापिस्ट डा.रोमि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१९४८ फोन नं.: ०५७-५२२७५६

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-७, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२८९१२

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**
अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा
२४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौंडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-१ फोन नं.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना